# सूचनाको हकका अभियन्ता र सूचना अधिकारीहरूलाई पुरस्कार का लागि सिफारिस गरी पठाउने सम्बन्धी सूचना

**प्रकाशन मिति २०७८।११।१६।**

१. "बिनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कार" : राष्ट्रिय सूचना आयोगबाट सूचनाको हकको क्षेत्रमा क्रियाशील प्रति प्रदेश १ जनाका दरले सात जना नेपाली नागरिकहरूलाई बिनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कारबाट पुरस्कृत गरिने हुँदा यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र यस आयोगमा आइपुग्ने गरी कुनै व्यक्ति स्वयम् (फाराम नं. १) वा संस्था (फाराम नं. २) अनुसार सिफारिस गरी पठाउनुहुन अनुरोध गरिन्छ । साथै

२. "उत्कृष्ट सूचना अधिकारी पुरस्कार" : राष्ट्रिय सूचना आयोगबाट सार्वजनिक निकायमा कार्यरत ५ जना सूचना अधिकारीहरूलाई उत्कृष्ट सूचना अधिकारी पुरस्कारबाट पुरस्कृत गरिने हुँदा यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र यस आयोगमा आइ पुग्ने गरी सार्वजनिक निकायका कार्यालय प्रमुखले (फाराम नं. ३) अनुसार सिफारिस गरी पठाउनुहुन अनुरोध गरिन्छ ।

**नोट** : सिफारिस गरिने फाराम यस आयोगको वेबसाइट **www.nic.gov.np** बाट डाउनलोड गरी info@nic.gov.np मा पनि पठाउन सकिने छ । साथै सिफारिस गरिने फाराम सूचना आयोगको वेबसाइट वा आयोगको सूचना पाटीमा समेत हेर्न सकिनेछ । यसअघि आयोगबाट पुरस्कृत भइसकेका व्यक्तिहरू र म्यादभित्र प्राप्त नभएका सिफारिसलाई मूल्याङ्कनमा समावेश नगरिने व्यहोरा जानकारीका लागि अनुरोध छ ।


**राष्ट्रिय सूचना आयोग**

**देवीनगर-१०, काठमाडौं**

**फोन नं.: ०१-४४६४४१२ र ४४९६५४४ फ्याक्स नं. ०१-४४९७५४५**

E -Mail , info@nic.gov.np **वेबसाइट** www.nic.gov.np